"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य: विकास समृद्धि र सुन्दर भविष्य"

खिजीदेम्वा गाउँपालिकाको गउँसभामा अध्यक्ष श्री वेद बहादुर रोकाद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को खिजीदेम्वा गाउँपालिकाको नीति तथा कार्यक्रम

# आ.व. २०७५/०७६ को

खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,

ओखलढुंगा

मिति २०७५/०३/१०

प्रस्तोता :- खिजीदेम्वा गाउँपालिका अध्यक्ष

वेद बहादुर रोका

**सम्मानित गाउँसभाका सदस्य ज्यूहरु ।**

तथा खिजीदेम्वा गाउँपालिकाबासी सम्पुर्ण आमा, बुबा, दिदी, बहिनी तथा दाजुभाईहरु

- नेपालको संविधान जारी भएपछि मुलुक संघीयता कार्यान्वयनको चरणमा आईपुग्दा खिजीदेम्वा गाउँपालिकाको विकास तथा खिजीदेम्वा गाउँपालिकाबासी सम्पुर्णको सुख, समृद्धि र सुन्दर भविष्यका लागि यस गरिमामय सभामा आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गर्दछु । यस अवसरमा नेपाली राजनीतिक इतिहासमा प्रजातन्त्र एवम् लोकतन्त्र प्राप्तिका लागि भएको विभिन्न क्रान्ति एवम् संर्घषको स्मरण गर्दै लोककल्याणकारी राज्य सत्ता प्राप्तिका लागि सहादत् प्राप्त गर्नुहुने ज्ञात, अज्ञात सहिदहरुप्रति सम्पुर्ण खिजीदेम्वा गाउँपालिकाबासीको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।
- नेपालको संविधान जारी भएसँगै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धीहरु संस्थागत भएका छन् । संविधानले अंङ्गिकार गरेका विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धताले नेपालीको स्वाभिमानलाई उच्चो बनाई रहँदा यस खिजीदेम्वा गाउँपालिकामा सबै प्रकारका भेदभाव अन्त्य गरी आर्थिक समृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशिला खडा भईरहेको छ ।

**खिजीदेम्वा गाउँपालिकाको यस सम्मानित गाउँसभामा उपस्थित सदस्य ज्यूहरु,**

- चालु आर्थिक वर्षको समिक्षा गर्दा मिति २०७४/०५/१० गते प्रस्तुत चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम खिजीदेम्वा गाउँपालिकाको प्रथम गाउँसभामा प्रस्तुत भई कार्यान्वयनको अन्तिम चरणमा पुगेको छ । चालु आ.व. ०७४/०७५ को निति तथा कार्यक्रममा प्रस्तुत भई कार्यान्वयनमा आएका विभिन्न कार्यक्रमहरुमध्ये आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन लगायतका खिजीदेम्वा गाउँपालिकाको विकास र खिजीदेम्वा गाउँपालिकाबासीहरुको समृद्धि र सुन्दर भविष्यको लागि गरिएका कार्यक्रमहरु सिमित स्रोत र साधनका दृष्टिकोणले हेर्दा सन्तोषजनक भएको व्यहोरा अवगत गराउन चाहान्छु । व्यक्तिगत होस् वा संस्थागत होस् हरेक काममा कोही पनि पूर्णरुपमा सक्षम हुँदैन र चुनौति विनाको कुनै पनि काम कारबाही हुँदैन । हरेक काम कारबाहीमा चुनौती र त्रुट्टीहरु रहन्छन् । यस खिजीदेम्वा गाउँपालिकाबाट चालु आ.व का लागि गरिएका विभिन्न क्षेत्रका कार्यक्रमहरुमा पनि कुनै न कुनै रुपमा साना ठुला चुनौति तथा त्रुट्टीहरु रहेको कुरालाई नकार्न सकिदैन यद्यपि यस्ता चुनौती तथा त्रुट्टीहरु आगामी दिनका कार्यक्रममा हाम्रा लागि सिकाईका पक्ष रहनेछन् । चालु आ.व.मा यस खिजीदेम्वा गाउँपालिकाका लागि हामीलाई जम्मा रु. २३,२०,५६२७७२५ कुल बजेट रकम प्राप्त भएको थियो । यसमध्ये ;

(क) नेपाल सरकार, संघीय सरकारबाट :-

| क्र.सं. | शिर्षक | बजेट (रु.) |
|---|---|---|
| १ | समानिकरण अनुदान तर्फ | १४,५६,६६,०००।- |
| २ | सर्शत अनुदान तर्फ | ८०,१९,९०००।- |
| जम्मा | | २२,५८,६५०००।- |

(ख) आन्तरिक राजस्व अनुमानित :- रु. ९,४५,०००।-

(ग) आ.व. २०७३।०७४ को वित्तीय हस्तान्तरणबाट रु. ५२,४६,२७७।२५ गरी कुल बजेट रु. २३,२०,५६,२७७।२५ पैसा रहेको थियो ।

**प्राप्त भएको बजेटलाई निम्न शिर्षकमा विनियोजन गरिएको थियो :-**

(क) चालु खर्च :- रु. ३,८३,१६,३७३।२५

(ख) पुंजीगत खर्च :- रु. १९,३७,३९,९०४।- विनियोजन गरी विभिन्न कार्यक्रमहरु संचालन गरेको व्यहोरा अवगत गराउन चाहान्छु। हाम्रो यस कुल बजेटमा आन्तरिक राजस्वतर्फको अनुमानित रु.९,४५,००० को कुल राजस्व आयमा आजको दिनसम्म करिव **पचपन्न प्रतिशत** राजस्व प्राप्त भई सकेको छ भने यस आ.व. को अन्त्यसम्ममा आन्तरिक राजस्व प्राप्ति करिव **असी प्रतिशत** पुग्ने अनुमान गरिएको छ। चालु आर्थिक वर्षका लागि प्रदेश सरकारबाट स्थानीय तहलाई कुनै पनि अनुदान प्राप्त नभएको कुरा अवगत गराउन चाहान्छु । केन्द्र सरकारबाट प्राप्त अनुदान र हाम्रो आफ्नै स्थानीय तहमा रहेको आन्तरिक आय तथा राजस्वको सिमा भित्र रही चालु र पुंजीगततर्फ हामीले विभिन्न कार्यक्रमहरु संचालन गरेर यस आर्थिक वर्षको अन्तिम संघारमा उभिएको छौं। यस घडीसम्मको अवस्थालाई समिक्षा एवम् मूल्यांकन गर्दाखेरि भर्खरमात्र निर्वाचित भएका स्थानीय तह, केन्द्र र प्रदेशको निर्वाचन समय आदि जनप्रतिनिधिमुलक सरकारको चयन तथा केन्द्र तथा प्रदेश र स्थानीय तहबीच गरिने समन्वयात्मक कार्यमा भएको प्रकृयागत ढिलासुस्तीको कारण कतिपय नीति, नियम, ऐन तथा कानुन निर्माण र कार्यान्वयन गर्ने कार्य समयमा नै हुन नसक्दा स्थानीय तहका काममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पर्न गएको कुरा हामीले महशुस गरेका छौं ।

स्थानीय तहमा गरिने कर्मचारी समायोजन कार्यको ढिलासुस्ती तथा कर्मचारी नियुक्तिमा माथिल्लो सरकारबाट लगाइएको रोकका कारण ठुलै कठिनाई भोग्नु परेको र त्यो कठिनाई हालसम्म पनि यथावत रहेको अवस्थामा हामीले गरेका कार्यहरु पुर्ण रुपले सन्तोषजनक छैन तर यस्तो अवस्थामा हामीले जे गर्न सक्यौं त्यसलाई हामीले सन्तोषजनक रुपमा लिइएका छौं ।

चालु आर्थिक वर्ष नीति तथा कार्यक्रम संचालनको क्रममा प्रकृयागत रुपमा नियम, कानुन निर्माण तथा कार्यान्वयनको क्रममा यो अवस्था संक्रमणकालीन रहयो जसको

कारण हामीले गरेका कामहरुमा केहि ढिलासुस्ती आएको छ । तर पनि विधि र प्रकृयागत रुपमा गर्ने काम कारबाहीको दिशामा हामीले बाटो बिराएका छैनौं भन्ने हाम्रो विश्वास छ ।

आजका दिनसम्म आइपुग्दा चालु आ.व.का लागि प्रस्तुत हाम्रो नीति तथा कार्यक्रममध्ये करिव पचासी प्रतिशत कार्यक्रमहरु सम्पन्न भई सकेको कुरा यहाँहरुलाई अवगत गराउन चाहान्छु । हामीलाई विश्वास छ यस आर्थिक वर्षको अन्त्यसम्म करिव **नब्बे प्रतिशत** हाम्रा कार्यक्रम तथा योजनाहरु सम्पन्न हुने कुरा पनि जानकरी गराउन चाहान्छु ।

अव म आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि यस खिजीदेम्वा गाउँपालिकाले विभिन्न क्षेत्रमा गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक वर्षका लागि यस खिजीदेम्वा गाउँपालिकाले विकास, समृद्धि र सुन्दर भविष्यलाई लक्षित गरी **"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य : विकास, समृद्धि र सुन्दर भविष्य"** भन्ने चालु आर्थिक वर्षमा प्रस्तुत दीर्घकालीन सोच एवम् लक्ष्यलाई नै मुल लक्ष्य मानी उक्त लक्ष्य प्राप्तिको लागि आगाडि बढ्ने चरणवद्ध नीति तथा कार्यक्रमहरु प्रस्तुत गरेको छ । आगामी आर्थिक वर्षका लागि योजना तर्जुमा गर्दा निम्न पक्षलाई केन्द्रित गरी योजना तर्जुमा गर्नको लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको व्यहोरा व्यक्त गर्न चाहान्छु ।

- दीर्घकालीन सोच एवम् लक्ष्य प्राप्ति हुने दिशामा आगाडि बढ्न सकिने ।
- आर्थिक विकास तथा गरिबी निवारणमा योगदान पुग्ने ।
- जनताको जीवनस्तर, रोजगारी र आम्दानी बढ्ने ।
- स्थानीय बासिन्दाहरुको जनसहभिगता जुट्ने ।
- तुलनात्मक रुपमा लागत कम लाग्ने ।
- स्थानीय स्रोत, साधन र सीपको अधिकत्तम प्रयोग हुने ।
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्ने ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
- दिगो विकास ।
- वातावरणीय संरक्षण तथा संबर्द्धन ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना ।
- सामाजिक सद्भाव तथा एकाता अभिवृद्धि गर्ने आदि कार्यक्रमहरुलाई लक्षित गरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको व्यहोरा यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक वर्ष २०७५/०७६ का लागि समष्टिगत रुपमा रहेका नीति तथा कार्यक्रमहरु यस प्रकार रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।**

- कृषि उत्पादन बढाई कृषिमा रोजगारी सृजना गर्ने र कृषिकार्यलाई आयआर्जन मुखी गराउन परम्परागत कृषि प्रणालीलाई आधुनिक प्रविधियुक्त व्यावसाययिक खेती प्रणालीमा रुपान्तरण गरिनेछ ।
- विभिन्न प्रकारका उद्योग तथा प्रशोधन केन्द्रहरु स्थापना एवम् संचालनका लागि आवश्यक विभिन्न कार्यत्रमहरु संचालन गरिनेछ ।
- व्यापार व्यवसाय क्षेत्रको विकासको लागि उपयुक्त वातावरण सृजना गरी सहज आपुर्तिको व्यवस्था मिलाइनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि विभिन्न प्राकृतिक तथा धार्मिक स्थलहरुलाई पर्यटकीय स्थलमा विकास गरिनेछ ।
- सहकारी क्षेत्रको विकासको लागि सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- वित्तीय क्षेत्रको विकासको लागि पुँजी निर्माणको दर वृद्धि गर्न वचत तथा लगानीलाई प्रोत्साहन हुने कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयको शिक्षा थप गुणस्तरीय गराउन विद्यालयको पठन-पाठनलाई आधुनिक प्रविधियुक्त गराउने कार्यक्रम क्रमश लागु गर्दै लगिनेछ ।
- स्वास्थ्य सेवा संस्थाहरुको परिमाणात्मक एवं गुणात्मक क्षमता वृद्धि गरी आम सर्वसाधारणमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गराइनेछ ।
- घर, गाउँ, बस्ती सफा कार्यक्रम संचालन गरिनेछ ।
- "एक घर एक धारा" कार्यक्रम अन्तर्गत सबैलाई खानेपानी सेवा उपलब्ध गराउने चरणबद्धरुपमा कार्यक्रम संचालन गरिनेछ ।
- हरेक टोल, बस्ती तथा बजारमा प्रदुषणजन्य वस्तु व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- विभिन्न जात, भाषा, धर्म, संस्कृति, रितीरिवाज तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुद, कला तथा साहित्य क्षेत्रको विकासका लागि गाउँपालिकाका स्तरीय खेलकुद मैदान निर्माण तथा विभिन्न प्रतियोगितात्मक कार्यक्रम संचालन गर्नुका साथै प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण वृद्धि गर्ने नीति अवलम्वन गरी सामाजिक रुपमा पछाडी परेकाहरुलाई समान अवसर उपलब्ध गराईने छ ।
- अशक्त महिला, बाल बालिकाको संरक्षण तथा जेष्ठ नागरिक सम्मान गर्ने नीति अवलम्वन गरिने छ ।
- न्यायिक कार्यलाई मेलमिलापयुक्त गराउनुका साथै निष्पक्ष एवं सहज न्याय प्राप्ति गर्ने नीति लागु गरिनेछ ।
- सडक यातायात, हवाई यातायात, रज्जु मार्ग लगायत विभिन्न यातायात सेवाको विकासका लागि पहल गरिनुका साथै विद्यमान सडकको स्तरोन्नती गर्दै विभिन्न टोल बस्तीमा सडक यातायात विस्तार गरिनेछ ।

- केन्द्रिय विधुत् प्रशारण लाइन जोड्न पहल गर्दै विभिन्न माईक्रो हाइड्रो पावरबाट उत्पादित विधुत् नियमित गराउने कार्यक्रम गरिनेछ ।
- स्थानीय रेडियो तथा पत्रपत्रिकाको संचालन तथा प्रशारणमा सहजीकरण गर्नुका साथै टेलिफोन तथा इन्टरनेट सेवा विस्तार गरी यसको पहुँच विस्तार गर्ने कार्यलाई पहल गरिनेछ ।
- विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण कार्यका लागि योजना निर्माण गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- वन क्षेत्रको विकास, वन संरक्षण तथा वन पैदावरको दिगो उपयोगको नीति अवलम्बन गरिनेछ ।
- भ्रष्टाचारजन्य क्रियाकलापप्रति शुन्य सहनशिलताको अवधारणा लिई सुशासन कायम गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक प्रशासन एवं सार्वजनिक सेवालाई निष्पक्ष, पारदर्शी तथा जनउत्तरदायी गराइनेछ ।
- विभिन्न गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- युवाशक्ति उपयोग तथा निष्कृय श्रम उपयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- स्वरोजगारमुलक कार्यक्रमका लागि सहायता प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

## आर्थिक विकास तर्फ :-

आयआर्जनलाई प्रमुखता दिई कृषि तथा पशुपंक्षी, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र आदिमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीनखम्बे आर्थिक नीति अपनाई क्षेत्रगत रुपमा निम्न अनुसारका कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ :-

### क) कृषि तथा पशुपंक्षी :-

- कृषि क्षेत्रको विकासको लागि आवश्यक गुरुयोजना निर्माण गरी लागु गरिनेछ ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिक प्रविधियुक्त व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गरिनेछ ।
- कृषिमा रोजगारी सृजना गरि कृषिलाई आयआर्जनको प्रमुख स्रोतको रुपमा विकास गर्ने आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- कृषि व्यवसायको विकासको लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ ।
- माटो परीक्षण कार्य तथा बाली अनुसन्धानको लागि विशेषज्ञ झिकाई प्रशिक्षण प्रदान गर्ने कार्य गरिनेछ ।
- कृषिमा आधुनिक कृषि औजार तथा आधुनिक प्रविधि भित्र्याई कम लागतमा बढी कृषि उत्पादन गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- यस आ.व. मा कोदो, गँहु र धान झार्नको लागि उपयोग गर्ने थ्रेसर मेशिन वडा नं. १, ३, ४ र ७ मा वितरण गरिएकोमा अब आगामी आ.व. मा वडा नं. २, ५, ६, ८ र ९ वडाका लागि समेत वितरण गरी नौ वटै वडामा उक्त मेशिन पुऱ्याउनुका साथै अन्य कृषि औजार खरिद गरी निश्चित अनुदानमा वितरण गर्ने कार्यक्रम गरिने छ

- कृषि उब्जनी अर्गानिक गराउनका साथै माटोको उर्वराशक्ति बढाउनका लागि प्राङ्गरिक मल तयार गर्न कृषकहरुलई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी कृषि विषादि तयार गर्न कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- हावापानी सुहाउदो कृषि बाली तथा फलफुल खेतीको लागि आवश्यक क्षेत्रको पहिचान गरी गराई विभिन्न जातका कृषि बाली तथा फलफुल खेतीको लागि पकेट क्षेत्रको निर्धारणको पहल गरिनेछ ।
- "एक घर एक करेसावारी" कार्यक्रम संचालनको लागि आवश्यक विउ विजन तथा अन्य कृषि सामाग्री उपलब्ध गराइनेछ ।
- कृषि उत्पादनमा बृद्धि गर्न व्यवसायिक कृषि कार्य गरिरहेका र गर्न इच्छुक कृषि फर्म, कृषक समूह तथा कृषकहरुलाई उनीहरुले वित्तीय संस्थाबाट लिने कृषि ऋणमा लाग्ने व्याजमा निश्चत प्रतिशत व्याज अनुदान सहयोग गरिनेछ ।
- जौ, वा, फापर कागुनो, जुनेलो, लट्टे जस्ता लोपोन्मुख अन्नबाली संरक्षणको लागि त्यस्तो खेती गर्ने कृषकलाई आवश्यक बिउ विजनमा सहायता गरिनेछ ।
- लोपोन्मुख अन्नबालीको संरक्षण गर्दै उन्नत जातको अन्नबाली लगाउनको लागि बिउ विजन वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ र नमुनाको रुपमा आधुनिक मौरीघार वितरण गरिनेछ ।
- पशुपंक्षी पालन कार्य व्यवसायिक गराउन एकल वा समुहगत पशु फर्मको विकास एवम् विस्तार गरिनेछ ।
- स्थानीय जातका बाखा, सुंगुर, कुखुरापालनको साथै उन्नत जातको पशुपंक्षी व्यवसायिक रुपमा पालन गर्ने कृषकहरुलाई पशुपंक्षी पालन, पशु आहार व्यवस्था, गोठ सुधार, खोर सुधार तथा पशु रोग उपचार कार्यमा आवश्यक प्रशिक्षण दिलाउने कार्यक्रम गरिनेछ ।
- उन्नत जातको राँगो, साँढे, बाछी, पाडी, बोको, बाखा, बंगुर खरिदमा अनुदानको व्यवस्था गरिनेछ ।
- पशु रोग उपचारको लागि वडास्तर तथा गाउँपालिकास्तरमा पशु औषधालय स्थापना गर्न इच्छुक व्यक्तिलाई वित्तीय सस्थाबाट उनीहरुले लिने तोकिएको ऋणको निश्चत व्याज अनुदान उपलब्ध गराइनेछ ।
- हावापानी अनुकूल हुने विभिन्न जातका हिउँदे र वर्षे उन्नत जातका भुँइ घाँस तथा डाले घाँसको बिउ विजन वितरण गरिने व्यवस्था गरिनेछ ।
- व्यवसायिक रुपमा पशुपंक्षी पालन गरी पशुपंक्षी फर्म दर्ता गरी पशुपंक्षी पालन कृषकहरुको लागि वित्तीय संस्थाबाट उनीहरुले लिने कृषि ऋणको व्याजमा निश्चत प्रतिशत व्याज अनुदान सहयोग गरिनेछ ।

**(ख) उद्योग तथा वाणिज्य :-**

- परम्परागत स्थानीय सीप तथा कच्चा पदार्थमा आधारित विभिन्न प्रकारका घरेलु उद्योगका साथै अन्य साना तथा ठुला उद्योग तथा प्रशोधन केन्द्र स्थापना गरी औद्योगिक क्षेत्रको विकास गर्न आवश्यक गुरुयोजना यसै वर्ष तयार गरिनेछ ।

- विभिन्न प्रकार उद्योग तथा प्रशोधन केन्द्र स्थापना एवम् संचालनका लागि आवश्यक सीप विकासको औधोगिक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- युवाशक्ति तथा निष्कृय श्रमलाई औद्योगिक उत्पादन तर्फ आकर्षित गरी रोजगारी सिर्जना तथा आयआर्जन गर्ने गराउने निती अवलम्वन गरिनेछ ।
- कृषि तथा वनमा आधारित उद्योग संचालन गर्नका लागि आवश्यक कच्चा पदार्थको अध्ययन अनुसन्धान गरी त्यस्ता कच्चा पदार्थ उत्पादन गर्ने कार्यलाई व्यवसायिक रुपमा विस्तार गरिनेछ ।
- विभिन्न प्रकारका घरेलु तथा साना उद्योग, जडिबुटि उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना तथा संचालनको लागि आवश्यक प्रशिक्षण प्रदान गर्नुका साथै व्यवसायिक रुपमा संचालन गर्न दर्ता भएका त्यस्ता उत्पादन तथा प्रशोधन केन्द्रलाई वित्तीय संस्थाबाट लिइने ऋणको व्याजमा निश्चत प्रतिशत व्याज अनुदान सहयोग गरिनेछ । यस कार्यक्रममा युवा समुह तथा युवालाई विशेष प्राथमिकता प्रदान गरिनेछ ।
- व्यापार व्यवसाय क्षेत्रको विकासका लागि उपयुक्त वातावरण सृजना गर्दै सहज आपुर्तिको व्यवस्था गरिनेछ ।
- कृषिजन्य तथा अन्य वस्तु बिक्री विरतणका लागि हरेक वडा तथा गाउँपालिकास्तरमा संचालित बजारको व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

(ग) **पर्यटन** :-

- पर्यटन क्षेत्रको विकासको लागि आवश्यक गुरुयोजना यसै वर्ष तयार गरी पर्यटन विकासको कार्यक्रम अगाडि बढाइनेछ ।
- छिमेकी लिखु गाउँपालिका तथा सोलुखुम्बु जिल्लाको दुघकुण्ड नगरपालिका र ओखलढुंगा जिल्लाको चम्पादेवी, मोलुङ गाउँपालिका र सिद्धिचरण नगरपालिकासँगको आवश्यक सहकार्यमा पोकली झर्ना, गौरीवन, थोलेदेम्वा र पि.के पर्वतलाई समेटि एकिकृत पर्यटकीय क्षेत्रको विकास अगाडी बढाउन पहल गरिनेछ ।
- पर्यटन प्रर्वद्धनको लागि विभिन्न प्राकृतिक तथा धार्मिक स्थलहरुको खोजी गरी तिनीहरुको विकास तथा संरक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटक आर्कषण गर्न गराउन तथा खिजीदेम्वा गाउँपालिकाको परिचय प्रचारप्रसार गर्न आगामी वर्ष नेपाल ट्रेकर संघको सहकार्यमा आन्तरिक तथा बाह्य पर्यटक सम्मिलित पिके फलाटे हाफ म्याराथुन दौडका साथमा आकर्षक कार्यक्रम संचालन गरिनेछ ।
- थोलवेदेम्वामा निर्माणाधीन प्रतिक्षालयको कामलाई निरन्तरता दिइनेछ ।

(घ) **सहकारी** :-

- सहकारी क्षेत्रको विकासको लागि आवश्यक गुरुयोजना निर्माण गरी लागु गरिनेछ ।
- यस गाउँपालिकामा रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै आवश्यकता अनुसार अन्य विभिन्न सहकारी संस्थाहरु खोली सहकारीबाट संचालन हुने सेवा विस्तार गर्ने कार्य गरिनेछ ।

- सहकारी संस्थाहरुलाई व्यवस्थित गर्न तिनीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिकामा दर्ता भई सेवा संचालन गर्न नसकेका सहकारी संस्थाहरुको सेवा संचालन गर्न सहयोग गरिनेछ। साथै आफ्नो सेवा संचालन गर्न नसक्ने सहकारी संस्थाको हकमा दर्ता खारेज गरिनेछ ।
- वित्तीय क्षेत्रको विकासका गरी पूँजी निर्माणको दर वृद्धि गर्न वचत तथा लगानीलाई प्रोत्साहन गर्न यस गाउँपालिकामा रहेको मेगा बैङक लिमिटेड तथा वित्तीय कारोवार गर्ने अन्य वित्तीय संस्थाहरुको सेवा प्रवाह सहज हुने वातावरण सृजना गरिनेछ ।

**सामाजिक विकास तर्फ :-**

**(क) शिक्षा :-**

- यस गाउँपालिकामा शैक्षिक क्षेत्रको विकास एवम् उच्च शैक्षिक गुणस्तर गर्न गराउनको लागि गाउँ शिक्षा ऐन, नियमावली तथा कार्यविधि बमोजिम आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि भौतिक तथा मानवीय पक्षको विकास सुदृढ गरिनेछ ।
- सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा शिक्षणको कार्यक्रम संचालन गर्न इच्छुक सामुदायिक विद्यालयलाई सहायता प्रदान गर्ने निती अवलम्वन गरिनेछ ।
- सामुदायिक विद्यालयको शिक्षा थप गुणस्तरीय र प्रतिस्पर्धी गराउन विद्यालयको पठनपाठनलाई आधुनिक प्रविधियुक्त गराउने कार्यक्रम क्रमश : लागु गर्दै जाने निती अवलम्वन गरिनेछ ।
- शिक्षक तथा शैक्षिक सामाग्री अभाव भई पठनपाठन कार्य सहज हुन नसकेका सामुदायिक विद्यालयलाई शैक्षिका गुणस्तर वृद्धि तथा पठनपाठन कार्य सहज गर्न गराउनको लागि गाउँपालिकाबाट त्यस्ता सामुदायिक विद्यालयलाई थप एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने ।
- उच्चतम् नतिजा प्राप्त गर्ने आधारभुत तह र माद्यमिक तहका सामुदायिक विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयमा कार्यरत सहायक कर्मचारी, कार्यालय सहयोगि र बालकक्षा सहयोगीहरुलाई शिक्षक सरह नै पोसाक भत्ता रु १० हजारका दरले उपलब्ध गराईनेछ ।
- शिक्षालाई समुदायको माग अनुकूल गराउन प्रथम चरणमा आधारभुत तह कक्षा ६-८ मा गणित तथा विज्ञान विषय शिक्षणलाई अग्रेजी माध्यमबाट पठनपाठन गर्ने गराउने कार्यक्रम सुरु गरिनेछ ।
- शिक्षामा सबैको पँहुच पुऱ्याउनका लागि हाल गाउँपालिकाबाट सञ्चालित विभिन्न प्रकारका छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ समुदाय र विद्यालयलाई शैक्षिक विकासका लागि एक अर्कामा समन्वयात्मक रुपमा अगाडि बढ्न प्रेरित गरिनेछ ।

- विभिन्न सामाजिक तथा पारिवारिक कारणले एक वर्ष सम्म विद्यालय छोडि विद्यालय शिक्षाबाट बाहिरिएका बालबालिकाहरुलाई विद्यायलय शिक्षामा फर्काउनको लागि पुन : त्यस्ता बालबालिका प्राथमिक (आधारभुत) तहमा भर्ना भएमा त्यस्ता विद्यार्थीहरुका लागि प्रोत्साहन स्वरुप वार्षिक सहायता प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिकामा रहेको एक मात्र रगनी चण्डेश्वरी क्याम्पसलाई क्याम्पसको शैक्षिक तथा भौतिक विकासका लागि वार्षिक एकमुष्ठ अनुदान प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(ख) <u>स्वास्थ्य तथा सरसफाई</u> :-

- स्वास्थ्य सेवा भरपर्दो गुणस्तरीय तथा नियमित गराई सर्वसाधारणले प्राप्त गर्ने सेवा विस्तार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- वडा नं. ३ खिजीचण्डेश्वरीमा स्वीकृत भएको अस्पताल निर्माण कार्य सुरु गर्न पहल गरिनेछ ।
- यस गाउँपालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै विद्यमान स्वास्थ्य संस्था तथा स्वास्थ्य इकाईहरुको क्षमता अभिवृद्धि गरी स्वास्थ्य सेवा सहज गराइनेछ ।
- स्वास्थ्य सेवा तथा सुविधा सहज रुपमा प्रवाह गर्नका निमित्त आवश्यक रहेका वडाहरुमा स्वाथ्य इकाई व्यवस्थापन गरी सेवा प्रवाह गरिनेछ ।
- स्वास्थ्य सेवामा आपतकालीन उपचार सेवा उपलब्ध गराउन बिरामी ओसारपसार गर्नको लागि हाल खरिद प्रकृयाको अन्तिम चरणमा पुगेको एक एम्बुलेन्सले बिरामी ओसारपसार गर्ने कार्यमा सहयोग पुऱ्याउनका साथै आवश्यकतामा आधारित भई थप एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।
- हरेक विद्यालयमा स्थानीयस्तरमा उपलब्ध स्वास्थ्यकर्मीबाट घुम्ती स्वास्थ्य जाँच सेवा उपलब्ध गराइनेछ ।
- स्वास्थ्य सरसफाई तथा स्वास्थ्य चेतनामुलक कार्यक्रम गर्न आमा समुहहरुलाई सकृय गर्न गराउन आमा समुह तथा महिला संजाललाई सहयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- आमा समुह तथा महिला संजालमार्फत सुत्केरी भेट कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला स्वयम्सेविकाको कार्यलाई प्रभावकारी बनाउन महिला स्वयम्सेविकाको प्रोत्साहन भत्ता वृद्धि गरिनेछ ।
- स्वेच्छिक विदाई हुन चाहाने स्वास्थ्य स्वयम सेविकालाई प्रोत्सहनको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका स्थित स्वास्थ्य संस्थामा प्रसुति हुन नसकि यस गाउँपालिका बाहिर अन्यत्र अस्पतालमा गई प्रसुति सेवा लिनुपर्ने सुत्केरी महिलालाई मातृशिशु रक्षाका लागि त्यस्तो उपचारमा जानका लागि सहयोग स्वरुप प्रति सुत्केरी **रु. पच्चीस हजार** उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाले गम्भिर रोगको शल्यक्रियाको लागि प्रदान गर्दै आएको उपचार खर्चको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विभिन्न रोगको परीक्षणका लागि गाउँपालिका स्तरमा एक स्वास्थ्य ल्याब स्थापना गर्ने व्यवस्था गरिनेछ ।

- बालक देखि वृद्धासम्मको आँखा जाँच तथा उपचारमा देखा परेको आँखा जाँचको अभावलाई मध्यनजर गरी गाउँपालिकास्तरमा एक आँखा जाँच इकाई स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- वार्षिक रुपमा विभिन्न रोगको जाँच तथा उपचारका लागि स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ ।

**(ग) <u>खानेपानी तथा सरसफाई</u> :-**

- **"एक घर एक धारा कार्यक्रम"** अन्तर्गत सबैलाई खानेपानी सेवा उपलब्ध गराउन चरणबद्ध रुपमा विभिन्न खानेपानी आयोजनाको संचालन तथा मर्मत सम्भार गर्ने कार्यक्रम संचालन गरी खानेपानी आपुर्ति सहज गराइनेछ ।
- विस्तृत सर्वेक्षण भई निर्माण कार्य सुरु गरिएका कासिका खानेपानी आयोजना रगनी, पुङ्खा खानेपानी आयोजना खिजीचण्डेश्वरी र चादींङ खानेपानी आयोजना खिजीफलाटेको खानेपानी आयोजना निर्माण कार्य यथाशक्य छिटो सम्पन्न गराउन पहल गरिनेछ ।
- खानेपानी मुहान तल भएका तथा उच्च भागमा बसोबास भई खानेपानी सेवा सहज रुपमा उपलब्ध हुन नसकेका घर तथा बस्तीमा सम्भाव्यताको अध्ययन गरी विभिन्न आधुनिक यन्त्रउपकरण तथा अन्य उपाय अवलम्बन गरी खानेपानी आपुर्ति सहज गर्ने कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ ।
- खानेपानी तथा सरसफाईको क्षेत्रमा विभिन्न संघसंस्था तथा स्थानीयहरुसँगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।
- गाउँ टोल, बस्ती सफा स्वच्छ राख्न विभिन्न संघसंस्था तथा समुहहरुलाई क्रियाशील गराउने कार्यक्रम संचालन गरिनेछ ।
- हरेक टोल, बस्ती तथा बजार क्षेत्रमा प्रदुषणजन्य वस्तु व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**(घ) <u>संस्कृति प्रवर्द्धन</u> :-**

- विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रितीरिवाज तथा संस्कृतिको संरक्षण र संबर्द्धन गरी संस्कृति प्रबर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गर्ने निती अवलम्बन गरिनेछ ।
- यस गाउँपालिका भित्र सार्वजनिक तथा समुदायमा रहेका विभिन्न धार्मिक मठमन्दिर, गुम्वा, चैत्य, स्तुपा र चर्च आदि धार्मिक तीर्थस्थलको मर्मत सम्भार तथा पुन : निर्माणमा सहयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- धार्मिक सहिष्णुता कायम गर्न गराउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- पुरात्तात्विक महत्वका ठुलठुल्ला तीर्थस्थलहरुमा सडक यातायातको पँहुच पुऱ्याउन पहल गरिनेछ ।
- मातृभाषाको विकासका लागि लोपोन्मुख भेगमा त्यस्ता मातृभाषा शिक्षण कार्यक्रम संचालन गर्नुका साथै मागमा आधारित भई प्राथमिक शिक्षा मातृभाषामा संचालन गर्न आवश्यक सहयोगको कार्यक्रम संचालन गरिनेछ ।

➢ (ङ) **खेलकुद तथा मनोरञ्जन** :-

➢ खेल क्षेत्रको विकासका लागि हरेक वडामा एक-एक खेलकुद समिति र गाउँपालिका स्तरमा एक खेलकुद समिति गठन गरी विभिन्न कार्यक्रम संचालन गरी खेल क्षेत्रको विकास गरिनेछ ।

➢ हरेक वडामा "एक वडा एक खेल" मैदान निर्माण कार्य क्रमश : लागु गर्दै गाउँपालिका स्तरमा निर्माण कार्य सुरु गरिएको बोफ्रेटार खेलमैदानको निर्माण कार्यलाई निरन्तरता दिई आगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था गरिनेछ ।

➢ वडा तथा गाउँपालिकास्तरीय खेलकुद समितिको मागमा आधारित भई खेल सीप प्रशिक्षण कार्यक्रम संचालन गर्नुका साथै वडा तथा गाउँपालिका स्तरमा खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

➢ गायन, नृत्य, वाद्यवादन तथा कला साहित्य क्षेत्रको विकासका लाीग प्रशिक्षण तथा प्रतियोगितात्मक विभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था गरिनेछ ।

➢ गाउँपालिका स्तरमा एक सार्वजनिक पार्क स्थापना गर्नुका साथै हरेक वडाका टोल, बस्तीमा आवश्यकता अनुसार पार्क तथा प्रतिक्षालय निर्माण गर्ने कार्य गर्ने निती अवलम्बन गरिनेछ ।

(च) **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** :-

➢ विभिन्न जातजाति, धर्म, संस्कृति तथा लिङ्गको आधारमा भेदभावपूर्ण व्यवहार गर्ने गराउने कार्य निरुत्साहित गर्दै सामाजिक सद्भाव एकता वृद्धि गर्ने कार्यक्रम गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणको विकास गर्ने निती अवलम्बन गरिनेछ ।

➢ विभिन्न प्रकारका विकास निर्माण तथा निती निर्माण र कार्यान्वयनमा महिला, दलित, जनजाति, असक्त, अपाङ्ग, जेष्ठ नागरिक र युवालाई समावेश गर्ने निती कार्यान्वयन गरिनेछ ।

➢ महिला हिंसा, बाल श्रम शोषण, एकल महिला, असहाय, जेष्ठ नागरिक, संरक्षणविहिन प्रति गरिने दुर्व्यवहारलाई निरुत्साहित गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

➢ पूर्णरुपमा परनिर्भर भई कठिन जीवनयापन गरिरहेका अशक्त व्यक्तिहरुलाई उनीहरुको स्वास्थ्य उपचारको लागि चौमासिक रुपमा बार्षिक औषधी उपचार खर्च उपलब्ध गराइनेछ

➢ हरेक वडामा आवश्यता अनुसार उपयुक्त टोल बस्तीमा जेष्ठ नागरिक प्रतिक्षालय तथा आराम कक्ष निर्माण गर्ने कार्य चरणवद्ध रुपमा गरिनेछ ।

➢ साठी बर्षमाथिका जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने कार्यक्रम गरिनेछ ।

➢ सार्वजनिक सेवा प्रवाह सहज गराउनका लागि विभिन्न पेशा तथा वर्गसँग आवद्ध युवा, महिला, अपाङ्ग, जेष्ठ नागरिक, दलित, जनजाति र विभिन्न उपभोक्ता समिति, निर्माण व्यवसायी, व्यापारी आदिको प्रतिनिधित्व हुनेगरी गाउँपालिकास्तरीय छुट्टा-छुट्टै समिति गठन गरिनेछ ।

➢ न्यायिक कार्यका लागि घरेलु हिंसा पिडित महिला, जेष्ठ नागरिक, असक्त र अपाङ्ग आदि लक्षित वर्गको लागि दिइने सिफारिस निःशुल्क गरिनेछ ।

**पूर्वाधार विकास तर्फ :-**

**(क) सडक तथा यातायात :-**

- यस गाउँपालिकालाई सम्भाव्य सबै प्रकारका सडक यातायात, हवाई यातायात, रज्जुमार्ग आदि सेवाले सुविधायुक्त गराउन यातायात विकासका लागि एक गुरुयोजना निर्माण गरिनेछ ।
- खिजीदेम्वा गाउँपालिका वडा नं. ३ खिजीचण्डेश्वरीमा निर्माणाधीन हवाई मैदान निर्माण कार्य छिटो सम्पन्न गराउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाबाट संघीय राजधानी सडक सम्बन्ध रहेको लिखु भुसिंङ्गा सडक लगाएत अन्य सडकहरुको मर्मत संम्भार तथा स्तरोन्नती गर्ने कार्य चरणबद्ध रुपमा गरिनेछ ।
- वडागत रुपमा रहेका विभिन्न सडकहरुको निर्माण कार्य सम्पन्न गर्ने कार्यलाई निरन्तरता दिने कार्य चरणबद्ध रुपमा गरिनेछ ।
- विद्यमान विभिन्न सडक मर्मत कार्यलाई आवश्यकतको आधारमा निरन्तरता दिइनेछ ।
- सडक निर्माण तथा मर्मत कार्यमा राजधानी, जिल्ला, वडा र गाउँपालिका जोड्ने सडकलाई प्राथमिकता दिँदै टोल, बस्तीमा नयाँ सडक निर्माण गर्ने कार्य गरिनेछ ।
- खिजीदेम्वा गाउँपालिकाका सबै वडा समेट्ने गरी थोलेदेम्वालाई केन्द्रविन्दु बनाई भुसिङ्गा, छेर्मादिङ, दुब्ले, महबिर, रगनी चण्डेश्वरी, खिजीकाती, दोलु, भुसिङ्गा गरी एक ग्रामीण चक्रपथ निर्माण गर्ने कार्यलाई मध्यनजर गरी सडक निर्माण कार्य गरिनेछ ।

**(ख) पुलपुलेसा :-**

- खिजीदेम्वा गाउँपालिकामा रहेका विद्यमान मुख्य-मुख्य सडकलाई प्राथमिकता दिई खोलानालामा कज-वे निर्माण गर्ने तथा मोटरएबल पुल निर्माण गर्नको लागि केन्द्र र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- विभिन्न नदी तथा खोलामा आवश्यक झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धित सरकारी तथा गैर सरकारी संघसंस्थासँग पहल गरिनेछ ।

**(ग) सिंचाई :-**

- जलस्रोत तथा जल उपलब्धताका आधारमा विभिन्न सिंचाई आयोजना संचालन गर्न केन्द्र तथा प्रदेशमा र जिल्लास्थित सिंचाई आयोजनासँग आवश्यक पहल गरिनेछ ।
- विद्यमान सिंचाई कुलो मर्मत सम्भारका लागि आवश्यक सहयोग गरिनेछ ।
- जिल्ला सिंचाई आयोजना तथा साना सिंचाई आायोजनाबाट संचालन गरिने सिंचाई आयोजना संचालनका लागि विशेष पहल गरिनेछ ।
- साना सिंचाई आयोजना ओखलढुंगाबाट सम्भाव्य सर्भेक्षण गरेका विभिन्न सिंचाई आयोजनाहरु मध्ये प्राथमिकताका आधारमा सेलेले माहुर पोखरी चप्लेटी सिंचाई आयोजना सिम खोला, छाङ खोला, बडहरे, साल्पु, कालिदह होल्पु सिंचाई आयोजना आदिको विस्तृत सर्भेक्षण गरी कार्यन्वयन गर्न पहल गरिने छ ।

घ) <u>भवन तथा सहरी विकास</u> :-

- एकिकृत बस्ती विकास ग्रामीण सहरीकरण तथा बजारीकरण गर्नको लागि आवश्यक गुरुयोजना निर्माण गर्ने कार्य गरिनेछ ।
- आवास निर्माण कार्यमा नक्सा पास गरी घर निर्माण गर्नुपर्ने कार्य क्रमश : गर्दै लैजाने तथा सुरक्षित आवास निर्माण गर्नको लागि आवश्यक निती निर्माण गरी लागु गरिनेछ ।
- सडक आसपास घर निर्माण गर्ने तथा अव्यवस्थित घर निर्माण नगर्न, नगराउनका लागि आवश्यक निती अवलम्बन गरिनेछ ।

(ङ) <u>उर्जा</u> :-

- यस गाउँपालिकालाई यथाशिघ्र केन्द्रीय विधुत् प्रशारण लाइन जडान गरी सबै वडा बस्तीमा विधुत् सेवा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र रहेका विभिन्न लघुजलविधुत् आयोजनाको मर्मत सम्भार कार्य गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र संचालित विविध कारणले संचालन गर्न कठिनाई व्यहोरि रहेको विधुत् आयोजनाहरु समुदायको मागमा आधारित भई गाउँपालिका एवम् सम्बन्धित वडा कार्यालयमा हस्तान्तरण गर्ने कार्य क्रमश गरिनेछ ।
- सबै सरकारी तथा गैर सरकारी संघसंस्था तथा शिक्षण संस्थाका लागि कार्यालय समयसम्म विधुत् सेवा प्रवाह गर्ने गराउने व्यवस्था (**मिलाउन पहल गरिनेछ** ) मिलाइनेछ ।

(च) <u>संचार</u> :-

- सुचना तथा प्रविधिको विकास गर्न स्थानीय रेडियो, तथा पत्रपत्रिकाको संचालन तथा प्रसारणमा नीतिगत सहजीकरण गर्ने कार्य गरिनेछ ।
- टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच आम सर्वसाधारणमा पुऱ्याउन आवश्यकता अनुसार टेलिफोन टावर स्थापना तथा इन्टरनेट सेवा विस्तार गर्ने कार्यका लागि पहल गरिनेछ ।
- हाल खिजीदेम्वा गाउँपालिकाको वडा नं. ९ तावरमा निर्माणाधीन टेलिफोन टावरको निर्माण कार्य यथाशिध्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।
- हाल गाउँपालिकाको कार्यालयसम्म मात्र सेवा जडान गरी संचालन गरिएको सुबिसुको इन्टरनेट सेवालाई वर्षा मौसमका कारण स्थगित भएकोमा मौसम अनुकूल हुनसाथ सबै वडामा इन्टरनेट सेवा विस्तार गर्ने कार्य गरिनेछ ।
- जिल्ला पत्रकार महासंघको भवन निर्माणका लागि आर्थिंक सहायता उपलब्ध गराइने छ ।
- गाउँपालिकाबाट गरिने विभिन्न सुचनाहरु सबै सचार माध्यमहरुलाई समानुपातिक रुपमा प्रसारण गर्ने गराउने व्यवस्था गर्नुका साथै यस गाउँपालिकाबाट गरिएका वडागत र गाउँपालिका स्तरीय विभिन्न गतिविधिहरु पत्रपत्रिका तथा रेडियोमार्फत सार्वजनिक गर्न गराउन विशेष व्यवस्था गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन तर्फ :-**

- वातावरण तथा विपद् व्यवस्थापनका लागि सबल कार्यक्रसँग सहकार्य गरी गरिएको वातावरण तथा विपद् व्यवस्थापन योजना निर्माण कार्य सम्पन्न गरी लागु गरिनेछ ।
- वातावरणीय तत्व प्रदुषित हुन नदिन विभिन्न संघसंस्था, सामाजिक समुह, सहकारी तथा शिक्षण संस्था, गैरसरकारी संघसंस्थाहरुलाई आवश्यकता अनुसार साप्ताहिक, पाक्षि वा मासिक सरसफाई कार्यक्रम संचालन गर्न प्रेरित गरिनेछ ।
- वातावरणीय प्रदुषणमा सहयोग पुऱ्याउने वस्तुहरुलाई घर, बस्ती, गाउँ र बजार लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुमा उचित व्यवस्थापन गर्ने गराउने प्रवन्ध मिलाइनेछ ।
- हरेक संघसंस्था तथा कार्यालय परिसर र खुल्ला सार्वजनिक स्थल तथा खुल्ला सडक छेउमा वृक्षारोपण गर्ने गराउने व्यवस्था मिलाइनेछ ।
- विभिन्न जोखिमयुक्त बस्तिहरुमा हुन सक्ने जोखिमलाई यथासम्भव न्युनिकरण गर्ने गराउने तथा जोखिम युक्त बस्ति स्थानान्तरणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- सडक भलको व्यवस्थापन गरी भल कटनीको उचित विकास गरिनेछ ।
- जोखिमयुक्त बस्ती, भू-भागमा भएको वा हुन सक्ने भुक्षय तथा पहिरो रोकथामका लागि आवश्यक कार्यक्रम गरिनेछ ।
- हरेक वडामा विपद् जोखिम व्यवस्थापन तथा उद्धार कार्यका लागि एक उद्धार समिति गठन गरी विपद् व्यवस्थापन कार्य गराइनेछ ।
- विपद् व्यवस्थापनका लागि सम्भाव्य पूर्व सतर्कता तथा पूर्व तयारी कार्यक्रम अन्तर्गत आवश्यक राहत र उद्दार कार्यक्रम गर्नुका साथै आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

**वन तथा भु-संरक्षण :-**

- वन क्षेत्रको विकास र वन संरक्षण तथा वन पैदावरको दिगो उपयोगका लागि वन कार्यालय, वन महासंघ र वन उपभोक्ता समितिसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ
- विभिन्न प्रकारका बहुउपयोगी रुख विरुवा तथा जडिबुटी उत्पादनका नर्सरी स्थापना गर्न गराउन सघाउ पुग्ने कार्यक्रम संचालन गरिनेछ ।
- विभिन्न प्रकारका बहुउपयोगी औद्योगिक कच्चा पदार्थमा प्रयोग हुने बोटविरुवा तथा जडिबुटि उत्पादन गर्ने उद्देश्यले दर्ता भएका फर्म तथा समूहलाई त्यस्तो कार्य संचालनमा उनीहरुले वित्तीय संस्थाबाट लिने ऋणको रु. एक लाख सम्मको ऋणको व्याजमा पचास प्रतिशत व्याज अनुदान प्रदान गरिनेछ ।
- वन क्षेत्र तथा वन्यजन्तु क्षति न्युनिकरण एबम् रोकथामका लागि वन कार्यालय, वन महासंघ तथा वन समुहसँग सहकार्य गरी विभिन्न प्रकारका चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- भुक्षय भएका र हुनसक्ने सम्भावित ठाउँहरुमा भुक्षय रोकथामको लागि बाँध, पर्खाल निर्माण गर्ने तथा सडक ढल निर्माण गरी भल निकासी गर्ने कार्यमा सहयोग गरिनेछ ।

## संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह :-

- भ्रष्टाचारजन्य क्रियाकलापहरुप्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनमा टेवा पुऱ्याइनेछ ।
- यस गाउँपालिका तथा मातहतमा रहेका र गाउँपालिका भित्र रहेका विभिन्न सार्वजनिक सेवा प्रदायक सरकारी कार्यालय तथा गैर सरकारी संघसंस्थाहरुको सेवा चुस्तदुरुस्त र पारदर्शी गर्नका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका, वडा कार्यालय तथा यस गाउँपालिकामा रहेका सबै सार्वजनिक सेवा प्रदायक सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुमा अनिवार्य नागरिक वडापत्र राखी सोही अनुसार कार्य गर्ने गराउने व्यवस्था गरिनेछ ।
- सार्वजनिक सेवा प्रदायक कार्यालय तथा संघसंस्थाको कार्य पारदर्शी एवम् जनहितकारी गर्ने गराउने नीति अवलम्वन गरिनेछ ।
- कुनै सेवाग्राहीले चाहेको या माग गरेको सेवा समयमै उपलब्ध गर्न गराउन नसकेमा सार्वजनिक सेवाग्राहीले त्यसरी काम नहुनुको उचित कारण माग गरेमा सार्वजनिक सेवा प्रदायकले उक्त सेवाग्राहीलाई  लिखत जानकारी उपलब्ध गराउने नीति कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका तथा मातहतका सबै कार्यालय तथा सार्वजनिक सेवा प्रदायक कार्यालय तथा संघसंस्थाहरुले आफ्नो कामको पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्ने गराउने नीति लागु गरिनेछ
- हरेक सार्वजनिक सेवा प्रदायक कार्यालय तथा संघसंस्थामा गुनासो संकलन तथा सुनुवाईको व्यवस्था गर्ने गराइनेछ ।
- नागरिकहरुको शान्ति सुरक्षा तथा अमनचयनका लागि सुरक्षा व्यवस्था चुस्तदुरुस्त गर्ने गराउने प्रवन्ध मिलाइनेछ ।
- आपराधिक कार्य न्युनीकरण तथा कानुनको पालनाका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- खिजीदेम्वा गाउँपालिकाको वडा नं. ९ मा एक प्रहरी चौकी तथा प्रहरी युनिट स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा जनउत्तरदायी र सहभागितामुलक बनाउँदै लगिनेछ ।

## विविध :-

- भुकम्प प्रभावित घर परिवार आवास पुन : निर्माण कार्यक्रममा देखा समस्या समाधान गर्न तथा लाभग्राहि हुनबाट छुट भएका घर परिवारको पुन जाच गर्ने कार्य गर्न गराउन सम्बन्धित निकाएमा आवश्यक पहल गरिने छ ।
- विभिन्न गैर सरकारी संघसंस्थाहरुबीच समन्वय र सहकार्य गर्दै विकास निर्माण तथा जिवीकोपार्जन लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

- गैरसरकारी संघसंस्थाहरुकाबीच एक अर्कामा समन्वय गरी कार्यक्रम संचालन गर्नका लागि एक गैर सरकारी संघसंस्था समन्वय समिति गठन गरिनेछ ।
- गृहिणी महिला तथा युवाशक्ति एवम् निष्कृय श्रम उपयोगका लागि आवश्यक सीप विकासको तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम गर्ने कार्यलाई निरन्तरता दिईने ।
- केन्द्र तथा प्रदेश सरकारबाट सञ्चालन गरिने विकास निर्माणका विभिन्न कार्यक्रमहरु छिटो सम्पन्न गर्न पहल गरिने छ ।
- यस गाउँपालिकाबाट सञ्चालन एंव कार्यन्वयन हुन नसक्ने विकास निर्माणका कार्यक्रमहरु केन्द्र तथा प्रदेश सरकार सँग माग गरिने छ ।
- विभिन्न सरकारी तथा गैह्र सरकारी संघ सस्थाहरु सँग सहकार्य गर्दै यस गाउँपालिकाको चौतर्फी विकास गर्ने निति अवलम्वन गरिने छ ।
- यस आर्थिक वर्ष भन्दा अगाडी देखिनै यस खिजीदेम्वा गाउँपालिकाका लाई कार्यक्षेत्र बनाई काम गर्दै आएका तथा अगामि आर्थिक वर्ष देखि कार्यक्रम सञ्चालन गर्न स्वीकृती .माग गरेका निम्नानुसारका गैह्र सरकारी संघ सस्थाहरुलाई आफ्नो कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्रदान गर्नुका साथै अन्य सस्थाहरु लाई आवश्यकता अनुसार स्वीकृती प्रदान गरी कार्यक्रम सञ्चालन गर्ने निति अबलम्बन गरिने छ ।

| क्र.स. | सहयोगि सस्थाको नाम | साझेदारी सस्था | कार्यक्रम तथा परियोजनाको नाम | अवधि |
|---|---|---|---|---|
| १ | सहयोगि हातहरुको समुह सहास) नेपाल | लिखु देम्वा सामुदायिक विकास मञ्च | भुकम्प पछिको पर्नलाभ परियोजना | २०१६-२०१९ सम्म |
| २ | लिखु देम्वा सामुदायिक विकास मञ्च LDCDF | | भुकम्प पछिको पर्नलाभ परियोजना | आ.व. २०७५/०७६ |
| ३ | देम्वा सामुदायिक विकास केन्द्र CRS Nepal | | भुकम्प पछिको पर्नलाभ परियोजना | २ वर्ष |
| ४ | रेष्क्यू नेपाल | दिगो जिविका | दिगो जिविको पार्जन तथा बाल विकास परियोजना | |
| ५ | मानसिक स्वास्थ्य तथा परामर्ष केन्द्र - नेपाल CMC | | लैगिक हिंसा रोगथाम तथा प्रतिकार्य परियोजना | |
| ६ | SDC | हेल्भेटास | पुन निर्माणका लागि सीप विकास कार्यक्रम | |
| ७ | USAID सवल कार्यक्रम | फोर्ड नेपाल | जिविको पार्जन विपत व्यवस्थापन आदि | |

अध्यक्ष

**गाउँसभाको सभापतित्व गरिरहनु भएका सभापति लगायत सम्पुर्ण गाउँपालिकाका सदस्य ज्यूहरु,**

आर्थिक वर्ष २०७५।०७६ को यो नीति तथा कार्यक्रम खिजीदेम्वा गाउँपालिकाका सबै जनप्रतिनिधितथा हरेक वडाबाट प्राप्त राय सल्लाह, सुझाव तथा यस खिजीदेम्वा गाउँपालिकाका राजनैतिक दल, बुद्धिजिवी, विकासप्रेमी, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि तथा सरोकारवाला आमाबुबा, दिदी, बहिनी तथा दाजुभाई सबैको साझा राय सल्लाह, सुझाव समेटेर प्रस्तुत गरेको व्यहोरा अवगत गराउँदै स्वीकृतिको लागि यस सम्मानित गाउँसभामा पेश गर्दछु ।

जय खिजीदेम्वा । जय खिजीदेम्वाबासी ॥

धन्यवाद ।

प्रस्तोता
वेद बहादुर रोका
(गाउँपालिका अध्यक्ष)